# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, वैशाख २४ गते, २०८२ साल (अतिरिक्ताङ्क २

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसद्ले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८२ सालको ऐन नं. १**

**<u>बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको ऐन</u>**

**प्रस्तावना**: बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा २ मा संशोधनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "सहकारी बैङ्क" भन्नाले सहकारी ऐन, २०७४ को दफा १२ बमोजिम गठन भएको सहकारी बैङ्क सम्झनु पर्छ।"

(२) खण्ड (ज) मा रहेका "सहकारी संघ संस्था" भन्ने शव्दहरू झिकिएका छन्।

(३) खण्ड (ञ) पछि देहायका खण्ड (ट), (ठ) र (ड) थपिएका छन्ः-

"(ट) "चेक" भन्नाले माग्नासाथ भुक्तानी दिनु भनी कुनै बैङ्क वा वित्तीय संस्था वा सहकारी बैङ्क उपर खिचिएको प्रचलित कानून बमोजिमको विनिमयपत्र सम्झनु पर्छ।

(ठ) "चेक अनादर" भन्नाले खातावालाले जारी गरेको चेकमा उल्लिखित रकम भुक्तानी माग्दा निजको खातामा आवश्यक रकम मौज्दात नरहेको कारणबाट धारकलाई भुक्तानी दिन नसकिने भनी बैङ्क वा वित्तीय संस्था वा सहकारी बैङ्कले दफा ३क. को उपदफा (५) बमोजिम प्रमाणित गरेको अवस्था सम्झनु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "धारक" भन्नाले आफ्नो नाममा जारी भएको चेक प्राप्त गरी सो चेकमा उल्लेख भए बमोजिमको रकम भुक्तानी पाउने हक भएको व्यक्ति वा संस्था सम्झनु पर्छ।

३. **<u>मूल ऐनको दफा ३ मा संशोधनः</u>** मूल ऐनको दफा ३ को,-

(१) खण्ड (ख) मा रहेका "काल्पनिक वा" भन्ने शब्दहरू झिकिएका छन्।

(२) खण्ड (ग) झिकिएको छ।

४. **<u>मूल ऐनमा दफा ३क. थपः</u>** मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"**३क. <u>रकम मौज्दात नभई चेक जारी गर्न नहुनेः</u>** (१) कसैले पनि आफ्नो खातामा रकम मौज्दात नभएको वा मौज्दात भए पनि भुक्तानीको लागि पर्याप्त नभएको अवस्थामा कसैलाई चेक जारी गरी दिन वा बैङ्क वा वित्तीय संस्था वा सहकारी बैङ्कसँग त्यस्तो चेकको भुक्तानी माग गर्नु हुँदैन।

(२) बैङ्क वा वित्तीय संस्था वा सहकारी बैङ्कले भुक्तानीको लागि आफूसमक्ष पेश हुन आएको चेक जाँचबुझ गरी सम्बन्धित व्यक्ति वा संस्थाको खातासँग भिडाउँदा त्यस्तो चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात रहेको नदेखिएमा त्यस्तो चेक धारकलाई फिर्ता दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम फिर्ता हुन आएको चेक धारकले अनादर भएको प्रमाणित गराउन चाहेमा बैङ्क वा वित्तीय संस्था वा सहकारी बैङ्कले आफूसमक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारकले चेक पेश गरेको मितिले बढीमा पैंतालिस दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई जुनसुकै माध्यमबाट सूचना दिई सोको अभिलेख राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम बैङ्क वा वित्तीय संस्था वा सहकारी बैङ्कले खातावालालाई दिएको सूचनाको अभिलेख राखिसकेपछि सो व्यहोरा चेकमा समेत जनाई त्यस्तो चेक धारकलाई फिर्ता गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम तोकिएको म्याद समाप्त भएपछि धारकले उपदफा (४) बमोजिम फिर्ता गरिएको चेकमा उल्लेख गरिए बमोजिमको रकम भुक्तानी माग्दा खातामा आवश्यक रकम मौज्दात नरहेको कारणबाट भुक्तानी दिन नसकिने भएमा बैङ्क वा वित्तीय संस्था वा सहकारी बैङ्कले तीन दिनभित्र सम्बन्धित खातावालाले चेक अनादर गरेको व्यहोरा प्रमाणित गरी त्यस्तो चेक धारकलाई फिर्ता गरिदिनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम खातावालालाई सूचना दिएकोमा खातावालाले जुनसुकै बखत धारकलाई त्यस्तो चेकमा उल्लिखित रकम भुक्तानी दिई चेक फिर्ता लिन सक्नेछ ।

(७) यस दफा बमोजिम चेक अनादर गरेको व्यहोरा प्रमाणित गर्ने कार्यविधि नेपाल राष्ट्र बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **<u>मूल ऐनको दफा १२क. मा संशोधनः</u>** मूल ऐनको दफा १२क. को ठाउँ ठाउँमा रहेका "सहकारी संस्था वा संघ" भन्ने शव्दहरूको सट्टा "सहकारी बैङ्क" भन्ने शव्दहरू राखिएका छन्।

६. **<u>मूल ऐनको दफा १४ख. मा संशोधनः</u>** मूल ऐनको दफा १४ख. को सट्टा देहायको दफा १४ख. राखिएको छः-

"**१४ख. <u>स्वीकृति प्राप्त नगरी बैङ्किङ्ग कारोबार गर्न नहुनेः</u>** सहकारी बैङ्कले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त नगरी बैङ्किङ्ग कारोबार गर्न वा गराउन हुँदैन।"

७. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा ३क. को उपदफा (५) बमोजिम चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरी दिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम तथा सो रकममा चेक जारी गरेको मितिदेखि रकम भराएको मितिसम्म प्रचलित कानून बमोजिमको ब्याज समेत भराई चेक जारी गरी दिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिबाना र देहाय बमोजिम कैद सजाय हुनेछः-

(क) पन्ध्र लाख रुपैयाँसम्म बिगो भए एक महिनासम्म कैद,

(ख) पन्ध्र लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए एक महिनादेखि तीन महिनासम्म कैद,

(ग) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन महिनादेखि एक वर्षसम्म कैद,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म बिगो भए एक वर्षदेखि दुई वर्षसम्म कैद,

(ङ) दश करोड रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि दुई वर्षदेखि चार वर्षसम्म कैद।"

(२) उपदफा (८) मा रहेका "दफा ३," भन्ने शब्दहरू पछि "३क.," भन्ने शब्दहरू थपिएका छन्।

८. **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिमको कसूरमा चेक अनादर गरेको प्रमाणित भएको मितिले एक वर्षभित्र जाहेरी दिन सकिनेछ र त्यसरी जाहेरी परेको मितिले छ महिनाभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ।"

९. **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ को उपदफा (४) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यसरी थुनामा राख्ने अनुमतिको अवधि यस ऐन बमोजिम कैद सजाय हुने अवधिभन्दा बढी हुने छैन।"

१०. **<u>मूल ऐनमा दफा २६क. थपः</u>** मूल ऐनको दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

"**२६क. <u>मिलापत्र गर्न सकिनेः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिम चेक अनादर सम्बन्धी मुद्दामा प्रतिवादीले चेकमा उल्लेख भए



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको रकम धारकलाई बुझाई मुद्दाका दुवै पक्षले मिलापत्र गर्न चाहेमा अनुसन्धानको सिलसिलामा भए अनुसन्धान अधिकारी मार्फत सरकारी वकीलसमक्ष र अदालतमा मुद्दा दायर भइसकेको भएमा सरकारी वकील मार्फत अदालतसमक्ष मिलापत्रको लागि निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम मिलापत्रको लागि निवेदन परेमा सरकारी वकीलले मुद्दा अनुसन्धानको सिलसिलामा भए अनुसन्धान अधिकारीलाई दुवै पक्षबीच मिलापत्र गराई दिन र मिलापत्र भएको व्यहोरा अभिलेखमा जनाई तत्सम्बन्धी अनुसन्धान स्थगन गर्न सम्बन्धित अनुसन्धान अधिकारीलाई आदेश दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी वकीलले दिएको आदेश अनुसार मिलापत्र गराई सोको अभिलेख राख्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम मिलापत्रको लागि निवेदन परेमा सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम मिलापत्र गराई दिनु पर्नेछ। त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई यस ऐन बमोजिम सजाय हुने छैन।"

**११.** **<u>रूपान्तरः</u>** मूल ऐनको ठाउँ ठाउँमा रहेका "बैङ्क वा वित्तीय संस्था" भन्ने शब्दहरूको सट्टा "बैङ्क वा वित्तीय संस्था वा सहकारी बैङ्क" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१२. <u>खारेजी र बचाउः</u>** (१) विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. खारेज गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. बमोजिमको सजायको मागदाबी लिई दायर भएका मुद्दा सोही बमोजिम कारबाही र किनारा गर्न बाधा पर्ने छैन।

प्रमाणीकरण मितिः २०८२।०१।२४

**आज्ञाले,**

**उदयराज सापकोटा**

**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।